नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
# जल तथा मौसम विज्ञान विभाग

visit nepal 2020 Lifetime Experiences

मिति: २०७७/०२/०७

पत्र संख्या :
च. नं. :

## प्रेस विज्ञप्ती

बंगालको खाडीमा २०७७/०२/०३ साँझ विकसित भएको चक्रवात AMPHAN उत्तर-उत्तर-पूर्व (NNE) तर्फ अगाडि बढ्ने क्रममा अझ शक्तिशाली (Extremely Severe Cyclonic Storm) बन्दै आज (२०७७/०२/०७) अपरान्ह पछि भारतको पश्चिम बंगाल/बंगलादेशको तटिय क्षेत्र हुदैं जमिनमा प्रवेश गर्ने क्रममा छ। यस चक्रवातको पथ (Track) नेपाल भन्दा पूर्वमा रहने अनुमान गरिएको छ। तसर्थ नेपालमा यसको प्रत्यक्ष प्रभाव नरहेपनि यसको अप्रत्यक्ष प्रभावबाट देशको खासगरि प्रदेश १, प्रदेश २ तथा वाग्मती प्रदेशको मौसममा आज देखि आगामी २-३ दिन सम्म प्रभावित हुनेछ। यी क्षेत्रका केहि स्थानमा वर्षाको साथै उच्च हिमाली क्षेत्रमा हिमपात समेत हुने संभावना रहेको छ। साथै गण्डकी प्रदेश र प्रदेश ५ का केहि जिल्लाहरुमा आंशिक देखि सामान्य बदली रहने छ।

प्रदेश १ को हिमाली तथा पहाडी जिल्लाहरुको एक दुइ स्थानका स-साना खोलानालाहरुमा आज राति देखि नै जलप्रवाहमा आकस्मिक बढोत्तरि (flash flood) हुन सक्ने संभावना भएकोले सतर्कता अपनाउन हुन अनुरोध छ। प्रदेश १ को तराईका जिल्लाहरु र प्रदेश २ को सप्तरी, सिराहाका स-साना खोलाहरुमा तथा कन्काई, कोशी र यी नदीहरुका सहायक खोलाहरुमा जलसतह बढ्ने, तर सतर्कता तह भन्दा मुनि रहने सम्भावना रहेको छ। अत: नदीतटिय क्षेत्रमा हुने गतिविधिमा सावधानी अपनाउन अनुरोध छ।

यस विभागले AMPHAN चक्रवात संबन्धी दैनिक मौसम तथा बाढीको सूचना तथा बुलेटिनहरु वेबसाईट, ई-मेल तथा सामाजिक संजाल मार्फत संप्रेशण गर्दै आइरहेको छ। यस सम्बन्धी अध्यावधिक जानकारीका लागि नियमित रुपमा वेबपेजहरु (www.mfd.gov.np , www.hydrology.gov.np), सामाजिक संजालहरु (www.facebook.com/dhmweather , www.facebook.com/FlowForecasting/), Nepal Flood Alert तथा Nepal weather forecast नामक twitter page हेर्न अनुरोध छ ।

प्रवक्ता

अर्चना श्रेष्ठ
वरिष्ठ मौसम विद